# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ७ मिति : कार्तिक २३, २०८०


# भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

**कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण (पहिलो संशोधन) कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०७।२२

उर्लाबारी नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण (पहिलो संशोधन) कार्यविधि, २०८०** रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **उर्लाबारी नगरपालिकाको कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९ को दफा १२ मा संशोधनः** कृषि तथा पशु सेवा कार्यक्रम संचालन तथा वितरण कार्यविधि, २०७९ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १२ मा देहायको उपदफा (३) को व्यवस्था थप गरिएको छ ।

**"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि मोटर बोरिङ कार्यक्रम सञ्चालन गर्दा कृषकको माग बमोजिम लागत र गुणस्तर सुनिश्चित गर्न कृषक समुह/कृषि फर्म/जल उपभोक्ता समिति/कृषि सहकारी/कृषि कम्पनी मार्फत काम गर्दा लागत सहभागितामा आधारित नगद अनुदान दिन बाधा पर्ने छैन । यस्तो लागत सहभागिता कृषि व्यवसाय प्रबर्द्धन समितिको सिफारिसमा निम्न**

खरिद प्रकृया पुरा गर्ने गरी कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

निम्नः

(क) मोटर बोरिङ प्राप्त गर्ने कृषकहरुलाई समूहमा समावेश गर्ने,
(ख) समूहले पान नं. लिने/लिएकाले पान नवीकरण गर्ने,
(ग) खरिद गर्ने कृषक छनौट गर्ने,
(घ) मोटर बोरिङ प्राप्त गर्ने कृषकहरुको नामावली,
(ङ) कृषक समूहलाई सम्झौता गरिदिने,
(च) कार्यादेश दिने,
(छ) मोटर बोरिङ गाड्नु अगाडी, गाड्दै गरेको समयको र कार्य सम्पन्न भएपश्चातको फोटो (३ अवस्थाको)
(ज) बिल, भरपाई र डोर हाजिरी,
(झ) कृषक समूहको माइन्यूट, भुक्तानी पाउँ भनि निवेदन,
(ञ) अनुगमन प्रतिवेदन,
(ट) खर्च सार्वजनिक अनुसूचीहरु,
(ठ) मोटरको न्यूनतम १ वर्षको वारेन्टी ।

आज्ञाले,
अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

*मूल्य रु. ५।-*